नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित

प्रधान कार्यालय
कर्जा असुली विभाग

# नेपाल बैंक लिमिटेडको नाममा रहेका गैरबैंकिङ सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्रीको २१ दिने सूचना

(प्रकाशित मिति : २०८२/११/१२)

यस बैंकले आफ्नो स्वामित्वमा रहेका तपसिलमा उल्लिखित घरजग्गा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सो घरजग्गा खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो, सो मूल्य खोली सम्बन्धित शाखा वा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अर्थात् मिति २०८२/१२/०२ गतेभित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

१. तपसिलमा उल्लिखित फाराम दस्तुर जम्मा गरे पश्चात् बोलपत्र फाराम उपलब्ध गराइनेछ । बोलपत्र फाराम बापतको रकम फिर्ता हुनेछैन ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको "सम्बन्धित घरजग्गा खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट बोलपत्र पेशकर्ताहरू वा निजका प्रतिनिधिहरू तथा मान्य प्रतिनिधिहरूको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र पेशकर्ता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुने रकम यस बैंकको सन्ड्री क्रेडिटर्स हिसाब खातामा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ३ (तीन) महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिनभित्र कबोल गरेको धरौटी बाहेकको सम्पूर्ण बाँकी रकम बैंकमा जम्मा गरी उपरोक्तानुसारको सम्पत्तिहरू आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ । उपरोक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रकर्तालाई दिइनेछैन ।
७. घरजग्गा सम्बन्धी कागजात हेर्न चाहनेले बैंकको प्र.का., कर्जा असुली विभाग र चलअचल सम्पत्ति स्थलगत रूपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । यस सूचनामा सम्बन्धित जग्गाको लालपुर्जा बमोजिमको क्षेत्रफल उल्लेख गरिएको छ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने पुँजीगत लाभकर बैंकको तर्फबाट भुक्तानी गरिनेछ र अन्य सरकारी दस्तुर खरिदकर्ता कम्पनी/फर्म वा व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।
९. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता/चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१०. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्यूनतम मूल्यभन्दा कम मूल्य अङ्कित भएको वा शर्तहरू राखी पेश भएको बोलपत्रहरू उपर कुनै कारवाही हुनेछैन ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

## तपसिल

| क्र.सं. | बोलपत्र पेश गर्ने सम्बन्धित कार्यालय | सम्पत्तिको विवरण | न्यूनतम मूल्य रु. | कैफियत | फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | चाबहिल शाखा | ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा.-५ज्ञ स्थित कि.नं. ६७४ को क्षेत्रफल ०-४-२-० रोपनी जग्गा, उक्त जग्गामा बनेको घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | २,१४,०७,८१४।४२ | घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५,०००/- |
| २ | मिल्स एरिया विराटनगर शाखा | मोरङ जिल्ला, साबिक विराटनगर उ.म.न.पा. १९ स्थित कि.नं. ५५ को क्षेत्रफल ६७१.४० व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,०४,६६,५००।- | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५,०००/- |
| ३ | झुम्का शाखा | सुनसरी जिल्ला, साबिक इनरुवा ३/क स्थित कि.नं. ४१६८ र ४१७२ को क्षेत्रफल क्रमशः ०-०-१३-० र ०-१-१०.५-० बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,१५,८०,२००।- | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५,०००/- |
| ४ | राजविराज शाखा | सप्तरी जिल्ला, साविक चनौरापडरिया-६ स्थित कि.नं. ९८२ र ९१५ को क्षेत्रफल क्रमशः ०-०-९.५ र ०-०-१० बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १८,००,०००।- | घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,०००/- |
| ५ | श्रीपुर शाखा | बारा जिल्ला, साविक कलैया-६ (हाल कलैया उ.म.न.पा.-४) स्थित कि.नं. २२८, २२९ र २३१ को क्षेत्रफल क्रमशः ०-०-१.२५, ०-०-१.७५ र ०-०-५-० बिगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३०,६०,०००।- | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,०००/- |
| ६ | वीरगञ्ज सिटी अफिस शाखा | ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. - ४ग स्थित कि.नं. ७९५ को क्षेत्रफल क्रमशः ०-५-०-० रोपनी जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५०,३८,४००।- | मूल्याङ्कन विवरणमा सम्पत्तिको क्षेत्रफल ०-२-०-२ रोपनी कायम गरी मूल्याङ्कन गरिएको । | ३,०००/- |
| ७ | सिटी अफिस विराटनगर शाखा | सुनसरी जिल्ला, साबिक सोनापुर-२ख स्थित कि.नं. १०१, १०२, ९८, १७२ र १७३ को क्षेत्रफल क्रमशः ०-१०-१४, ०-७-५, ०-७-१, ०-५-० र ०-२-१३ बिगाहा जग्गा, भवन तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १७,६५,००,०००।- | मूल्याङ्कन विवरणमा सम्पत्तिको कुल क्षेत्रफल १-३-१० बिगाहा कायम गरी मूल्याङ्कन गरिएको । | ५,०००/- |
| ८ | गौर शाखा | रौतहट जिल्ला, साबिक गौर-७, स्थित कि.नं. ३२२०, ३२२५ र ५७२ को क्षेत्रफल क्रमशः ०-०-०-१२, ०-०-१-४ र ०-०-३-८ बिगाहा जग्गा सोमा बनेको घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ८१,५४,०००।- | घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३,०००/- |
| ९ | गौर शाखा | रौतहट जिल्ला, साबिक गौर-८, स्थित कि.नं. ४९९ र १०६९ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-२-०-१२ बिगाहा जग्गा सोमा बनेको घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३,३१,७०,०००।- | घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ५,०००/- |

**नोटः**- उल्लिखित गैरबैंकिङ सम्पत्तिहरू खरिदका लागि सम्बन्धित शाखाहरू बाहेक प्रधान कार्यालय, कर्जा असुली विभागबाट समेत बोलपत्र फाराम खरिद गरी सोही विभागमा बोलपत्र फाराम बुझाउन सकिनेछ ।